## बैठक संख्या : २९

आज मिति २०८१ बैशाख ३१ गते सोमबार दिउँसो २:०० बजे यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा नगरपालिकाको सभा हलमा तपसिलको उपस्थितीमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडाध्यक्ष वडा नं. १ | |
| ४ | डण्डपाणी पौडेल | वडाध्यक्ष वडा नं. २ | |
| ५ | पुरन महतो | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी वानियाँ | वडाध्यक्ष वडा नं. ७ | |
| १० | वीरेन्द्र वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | विना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल वहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | राज कुमार प्रजा | कार्यपालिका सदस्य | |
| २० | शेषकान्त पौडेल | सचिव | |

Scanned with CamScanner

मिति २०८१ वैशाख ३१ गतेको २९ औं कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं.१)**

अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्बन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

**निर्णय नं.२)**

यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.३)**

मिति २०८० चैत्र २८ को नगर शिक्षा समितिको बैठकबाट सिफारिस भए बमोजिम गाभ्ने विद्यालयका शिक्षकको दरबन्दि नगरपालिकामा पुल मा रहने तथा उक्त विद्यालयको चल अचल सम्पती गाभिने विद्यालयको हुनेगरी वडा नं ४ को राष्ट्रिय आधारभुत विद्यालय शितलपुर क लाई सोही वडाको खैरहनी माध्यमिक विद्यालय, खैरहनीमा र वडा नं ६ को विरेन्द्र आधारभुत विद्यालयलाई वालविकास कक्षा सोही स्थानमा रहने गरि सो विद्यालयलाई सोही वडाको श्री जनकल्याण माध्यमिक विद्यालय, कल्याणपुरमा गाभ्ने (मर्ज गर्ने) निर्णय गरियो ।

**निर्णय नं.४)**

चालु आ व को हालसम्मको आम्दानी खर्चको प्रतिवेदन बैठकमा प्रस्तुत भयो । चालु खर्च ५८ प्रतिशत तथा पूजिगत खर्च ३७ प्रतिशत मात्र भएको देखिंदा पूँजिगत खर्च बढाउनको लागि निर्देशन गर्ने तथा आन्तरिक आय न्यून उठेको तथा प्रदेश राजश्व अन्तर्गत रजिष्ट्रेशन शुल्क वापतको रकम पनि अत्यन्त न्यून आय देखिएकोले सो रकम बृद्धि गर्नको लागि यथासक्य प्रयास गर्ने निर्णय गरियो ।

**निर्णय नं.५)**

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्नको लागि गठन गरेको कार्यदलले बुझाएको मस्यौदा प्रतिवेदन बैठक समक्ष प्रस्तुत गरियो । सो मस्यौदालाई अध्ययन गरी परिमार्जन सहित पेश गर्नको लागि बजेट तथा योजना तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८१।१।३१

Scanned with CamScanner